# भाग ३

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

**वन (पहिलो संशोधन) नियमावली, २०८०**

वन नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०७६ को दफा ८३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "वन (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वन नियमावली, २०७९ को नियम ३२ मा संशोधनः** वन नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३२ को उपनियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर ऐनको दफा ७७ बमोजिम प्रतिबन्ध लगाइएका वन पैदावार बाहेकका वन पैदावारबाट बनेका तयारी माल वस्तु निकासी गर्दा डिभिजनल वन अधिकृतको सिफारिस आवश्यक पर्ने छैन ।"

३. **मूल नियमावलीको नियम १०० मा संशोधनः** मूल नियमावलीको नियम १०० को,-

(१) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(६) राष्ट्रिय वनबाट निकालिने खनिजजन्य वन पैदावारको हकमा प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन तथा नियमावलीमा तोकिए बमोजिमको मूल्य रकम खानी तथा भूगर्भ विभागमा बुझाउनु पर्नेछ र सो रकमको थप दश प्रतिशत रकम वातावरणीय सेवा शुल्क बापत खानी तथा भूगर्भ विभाग मार्फत वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।"

(२) उपनियम (९) मा रहेका "अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "अनुगमन तथा निरीक्षण गर्न सक्नेछ र यसरी अनुगमन तथा निरीक्षण गरिएकोमा सोको प्रतिवेदन खानी तथा भू-गर्भ विभागलाई समेत दिनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>मूल नियमावलीको नियम १०१ मा संशोधनः</u>** मूल नियमावलीको नियम १०१ को उपनियम (३) मा रहेका "पचास मिटरको" भन्ने शब्दहरुको सट्टा "दश मिटरको" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>मूल नियमावलीको नियम ११८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११८ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) वन, वन्यजन्तु, वनस्पति, जैविक विविधताको सुरक्षाको लागि वनक्षेत्रभित्र सुरक्षाकर्मी बस्ने वा वन कार्यालयको निमित्त आवश्यक पर्ने स्थायी प्रकृतिको भवन निर्माण गर्नु पर्ने भएमा मन्त्रालयको स्वीकृति लिई निर्माण गर्न सकिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**६.** **<u>मूल नियमावलीको नियम १३१ मा संशोधनः</u>** मूल नियमावलीको नियम १३१ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) खनिजजन्य वन पैदावारको हकमा प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन तथा नियमावलीमा तोकिए बमोजिमको मूल्य दरले गुणन गरी,"

**७.** **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची-६ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) <u>बल्लाबल्लीको मूल्य</u>

| क्र.स. | प्रजाति | | प्रति घनफिट मूल्य रु. |
|---|---|---|---|
| | नेपाली नाम | वैज्ञानिक नाम | |
| १ | सागवान (टिक) | *Tectona grandis* | १७०।- |
| २ | साल | *Shorea robusta* | २५०।- |
| ३ | चाँप | *Magnolia spp.* | २५०।- |
| ४ | सिसौं | *Dalbergia sissoo* | २००।- |
| ५ | खोटे सल्ला | *Pinus roxburghii* | १२५।- |
| ६ | असना | *Terminalia tomentosa* | १५०।- |
| ७ | कर्मा | *Haldina cordifolia* | १५०।- |
| ८ | जामुन | *Syzygium spp.* | १५०।- |
| ९ | कालो र | *Albizia spp.* | १००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | रातो सिरिस | | |
| १० | टुनी | *Toona ciliate* | १००।- |
| ११ | गोब्रे सल्ला | *Pinus wallichiana* | १००।- |
| १२ | गम्हारी | *Gmelina arborea* | १००।- |
| १३ | उत्तिस | *Alnus nepalensis* | १००।- |
| १४ | पाटे सल्ला | *Pinus patula* | १००।- |
| १५ | मसला | *Eucalyptus spp.* | ६०।- |
| १६ | अन्य जात (माथि उल्लेख भए देखि बाहेक) | | प्रति घनफिटको लागि खण्ड (क) मा उल्लिखित गोलिया काठको मूल्यको पचास प्रतिशतले हुन आउने मूल्य" |

(२) अनुसूची-८ मा रहेका "नियम १०० को उपनियम (६)," भन्ने शब्दहरु झिकी सोही अनुसूचीको,-

(क) खण्ड (ख) झिकिएको छ ।

(ख) द्रष्टव्यको बुँदा नं. (३) मा रहेका "खण्ड (ख) र (ग)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**

**डा. रेवति रमण पौडेल**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार